# नेपाल धितोपत्र बोर्ड
## बोर्डबाट विभिन्न धितोपत्र व्यवसायीलाई गरिएको कारबाहीको बिवरण

आ.व. २०८१।८२

| क्र.सं. | मिति | धितोपत्र व्यवसायी (मर्चेन्ट बैकर) | कारवाहीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | २०८१।०४।२१ | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | क्यापिटलको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा निष्काशित सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. को सर्वसाधारण शेयरको कर्मचारीहरुलाई छुट्याएको शेयर बाँडफाँडको क्रममा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २८ र दफा ३२ बमोजिम विस्तृत विवरण बोर्डमा पेश नगरी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७६ बमोजिमको व्यवसायिकस्तर पालना गरेको नदेखिएकाृले बोर्डको मिति २०८१।०४।१४ को निर्णयानुसार चेतावनी दिइएको । | क्यापिटललाई धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा उक्त ऐन अर्न्तगत बनेका नियम, विनियम, निर्देशन तथा निर्देशिका तथा बोर्डले जारी गरेको आदेश वा निर्देशनको पूर्ण पालना गर्न चेतावनी दिइएको । |

नेपाल धितोपत्र बोर्ड

बोर्डबाट विभिन्न निष्काशनकर्ता कम्पनीहरुलाई गरिएको कारबाहीको बिवरण

आ.व. २०८१।८२

| क्र.सं. | मिति | निष्काशनकर्ता कम्पनी | कारवाहीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | २०८१।०४।२१ | सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि., सञ्चालक समिति । | बोर्डमा धितोपत्र निष्काशनकर्ता कम्पनी सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले कर्मचारीहरुलाई छुट्याएको शेयर निष्पक्ष तथा पारदर्शी तरिकाले वितरण नगरेको भन्ने गुनासो दर्ता भएको सम्बन्धमा प्रारम्भिक जाँचबुझको प्रतिवेदनमा देखिएका सुझावहरुको आधारमा बोर्डको मिति २०८१।०४।१४ को निर्णयानुसार उक्त निष्काशनकर्ता कम्पनीको संचालक समितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ३२ को उपदफा (२) र सोहि निर्देशिकाको दफा २८ बमोजिम धितोपत्र निष्काशन तथा बाँडफाँड निष्पक्ष तथा पारदर्शी रुपमा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) बमोजिम निर्देशन दिईएको । | कर्मचारीको लागि छुट्याएको शेयर औचित्यपूर्ण, निष्पक्ष तथा पारदर्शी रुपमा पुनः बाँडफाँड गर्न निर्देशन दिइएको । |